नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

कार्तिक/मंसीर २०८२ (November 2025) वर्ष २८/अङ्क ३२३

## आत्माको आगोलाई बलिरहन दिनु

- पाष्टर सिमोन पाठक

बलिरहेको आगो जलिरहन दाउरा थपिरहनुपर्छ । कोइलाको आगो हो भने कोइला थपिरहनुपर्छ । मट्टितेल, पेट्रोल हाल्नुपर्छ । निभ्न लागेको आगोलाई बलिरहन दाउरा, कोइला, इन्धन हालिरहनु परेको जस्तै हामीमा निभ्न लागेको आत्माको आगोलाई बाल्न पवित्र आत्मालाई हामीमा काम गर्न दिइरहनुपर्छ। यदि हाम्रो आत्मिक जीवन आफै जिउन कोशिश गर्न थाल्यौं भने हामी निभ्न सक्छौं । आत्मिक जीवन चिसो हुनसक्छ । मनतातो हुनसक्छ । फलामले डामेको जस्तो जीवन हुनसक्छ । केही गल्ती गरे पनि केही हुँदैन । कुनै पाप गरेपनि पाप गरेको जस्तो लाग्दैन । परमेश्वरको विरूद्ध काम गरेपनि केही जस्तो हुँदैन ।

१ थेसेलोनिकी ५:१९ मा लेखिएको छ '**पवित्र आत्मालाई ननिभाओ ।**' त्यसरीनै रोमी १२:११ मा लेखिएको छ **"जोशमा पछि नहट । पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दैरहो ।"**

### किन जोशमा पछि नहट्ने ?

यो हाम्रो बोलावट हो। हामीहरूलाई प्रभुले जोशिलो भइरहनका लागि बोलाउनुभएको हो । **"जोशमा पछि नहट"** भन्नुको अर्थ आत्मिक रूपमा बढ्ने क्रममा मनतातो नहुनु, अल्छी नहुनु । जोशिलो हुनु भनेको भावनात्मक रूपमा केही समय उत्साहित हुने मात्र होइन । तर खीष्टको निम्ति आत्माले भरिएर जोशिलो हुनु हो । पवित्र आत्मालाई सीमित घेराभित्र नराख्नु । निभाउने काम नगर्नु, बलिरहन दिनु । पवित्र आत्मा बिना हामीहरू निभ्छौं, खुम्चिन्छौं । जोश, उत्साह घटेर जान्छ ।

### किन हामी पवित्र आत्मामा प्रज्वलित भइरहने ?

प्रज्वलित हुने स्रोत पवित्र आत्मा हुनुहुन्छ । पवित्र आत्मा हाम्रो स्रोत हुनुहुन्छ । पवित्र आत्मामा प्रज्वलित हुनु भनेको अर्थ आत्मामा उम्लिरहनु हो । भाँडामा पानी राखेर आगोमा बसाएपछि पानी भकभक उम्लिरहन्छ । त्यसरीनै हाम्रो जोश, उत्साह, शक्ति, साहस पवित्र आत्माद्वारा भइरहनुपर्छ । पवित्र आत्माले हामीलाई प्रार्थनामा जागृत गराउनुहुन्छ, आराधनामा जागृत गराउनुहुन्छ, सेवामा जागृत गराउनुहुन्छ ।

### किन प्रभुको सेवा गर्दैरहने ?

पवित्र आत्माले प्रज्वलित हुनुको उद्देश्य सेवा गर्नु हो । पवित्र आत्माले हामीलाई शक्ति दिनु, उत्साह दिनु, साहस दिनु, शान्ति दिनु, आनन्द खुशी दिनुको उद्देश्य आफ्नो लागि मात्र होइन, अरूको लागि हो । प्रभुको र मानिसहरूको सेवा गर्नका लागि हो । पवित्र आत्माले हामीलाई वरदानहरू दिनुभएर सुसज्जित गर्नुहुन्छ ।

**" तर यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन् । उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ"** १ कोरिन्थी १२:११ ।

**"त्यसैकारण म तिमीलाई याद दिलाउँछु, कि मैले तिमीमाथि हात राखिदिएर तिमीले पाएका परमेश्वरको वरदानलाई प्रज्वलित राख"** २ तिमोथी १:६ ।

पवित्र आत्माले हामीलाई प्रेम गर्न, साक्षी हुन र विश्वासयोग्य भएर सेवा गर्न शसक्त गर्नुहुन्छ, सक्षम बनाउनुहुन्छ । जब हामी पवित्र आत्माले भरिएर र जोशिलो भएर सेवा गर्छौं, हाम्रो सेवाद्वारा खीष्टको महिमा हुन्छ । त्यसकारण, जसरी आगो बलिरहनका लागि दाउरा वा कोइला थपिरहनुपर्छ त्यसरी नै हामीहरूको आत्मिक आगो बलिरहनको लागि हामीले पनि आत्मिक कुराहरू थपिरहनुपर्छ ।

**आत्माको आगोलाई बलिरहनका लागि हामीले दिनदिनै थपिरहनुपर्ने इन्धनचाहिँ हो :**

१. प्रार्थनाको जीवन २. परमेश्वरको वचन पढ्ने जीवन
३. संगतिमा रहने जीवन ४. आज्ञापालन गर्ने जीवन

**के हाम्रो आत्मिक आगो राम्रोसँग बलिरहेको छ ? कि आत्मिक आगो निभ्दै गएको छ ?**

यदि प्रार्थना, वचन पढाई, संगति र आज्ञापालन गर्ने कुरामा सुस्ताउँदै गएका छौं भने आत्मिक आगो निभ्दै गएको संकेत हो । निभ्दै गएको आगोबाट धुँवा निस्केर अरुलाई पिरोल्छ, अरूलाई दुःख दिन्छ । बलिरहेको आगोले अरूलाई पनि न्यानोपन दिन्छ । यदि हाम्रो आगो निभ्न लागेको पुनः जल्दोबल्दो पारिदिनुहोस् भनी आज नै प्रार्थना गर्न सुरु गरौं भोलिदेखि गर्छु भन्दै गर्दा ढिला हुनसक्छ र निभ्न सक्छ ।

**"जोशमा पछि नहट । पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दैरहो ।"**

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती |
|---|---|---|---|---|---|---|---|
| **कार्तिक २२ गते** November 8 | एल्डर दिनेश न्यौपाने | सुश्री प्रकृति लामा | पाष्टर सिमोन पाठक | डीकन राम ब. तामाङ्ग | डीकन मिन ब. तामाङ्ग | डा. रचाण्डल ग्लिसन | एल्डर श्रीलक्ष्मी सैंजु |
| **कार्तिक २९ गते** November 15 | श्री विष्णु देउला | एल्डर राजु तामाङ्ग | एल्डर बागमान तामाङ्ग | सुश्री शिला लामा | एल्डर मन ब. मगर | डीकन ध्रुब घिमिरे | पाष्टर रूबेन श्रेष्ठ |
| **मंसीर ६ गते** November 22 | एल्डर रत्नमान महर्जन | श्री सन्तोष थापा | श्री डिल्ली तामाङ्ग | डीकन सुबोध अधिकारी | श्री विजय तामाङ्ग | श्री जीवन खालिङ | एल्डर सिमोन भण्डारी |
| **मंसीर १३ गते** November 29 | एल्डर अर्जुन ढकाल | डीकनेस् रश्मिला तामाङ्ग | श्री पिटर घिमिरे | एल्डर सिद्धि खालिङ | श्री सुचन तामाङ्ग | श्री सैदीप तामाङ्ग | श्रीमती गंगा श्रेष्ठ |
| **मंसीर २० गते** December 6 | पाष्टर सिमोन पाठक | श्रीमती माया तामाङ्ग | डीकन कुमार गज्मेर | श्री डिल्ली तामाङ्ग | डीकन मिन ब. तामाङ्ग | पाष्टर घनश्याम दाहाल | पाष्टर रूबेन श्रेष्ठ |

### नेइम जोरपाटी चर्च

| मिति | डाँछी | बैँसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | कपन | फलेडाँडा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **कार्तिक २२ गते** November 8 | डीकनेस् रमा महर्जन | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | डीकनेस् राममाया नगरकोटी | श्री टुम्बल डोटेल | डीकन भक्ति लामा | डीकन उमेश मगर | श्रीमती देवकी लामा | एल्डर गोपी राई | डीकन गोविन्द नगरकोटी |
| **कार्तिक २९ गते** November 15 | एल्डर पेशल राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | एल्डर दानियल सापकोटा | एल्डर कृष्ण तामाङ्ग | एल्डर कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | एल्डर अमृत लामा | सुश्री भुमिका सुवेदी | श्री सविन परियार |
| **मंसीर ६ गते** November 22 | श्री मोहन श्रेष्ठ | श्री राजेन्द्र घोरासैनी | एल्डर राज गुरूङ्ग | एल्डर दानियल सापकोटा | श्री अनुप लामा | एल्डर कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | एल्डर अमृत लामा | एल्डर गोपी राई | डीकन गोविन्द नगरकोटी |
| **मंसीर १३ गते** November 29 | एल्डर पेशल राई | पाष्टर प्रेम श्रेष्ठ | एल्डर राज गुरूङ्ग | एल्डर दानियल सापकोटा | एल्डर कृष्ण तामाङ्ग | एल्डर कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | डीकन गोपाल नगरकोटी | एल्डर गोपी राई | डीकन गोविन्द नगरकोटी |
| **मंसीर २० गते** December 6 | एल्डर पेशल राई | पाष्टर प्रेम श्रेष्ठ | एल्डर राज गुरूङ्ग | एल्डर दानियल सापकोटा | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | डीकन उमेश मगर | एल्डर अमृत लामा | एल्डर गोपी राई | डीकन गोविन्द नगरकोटी |

## जानकारी



बौद्ध बस्नुहुने नेइम जोरपाटी बैँसीगाउँ चर्चको सदस्य श्रीमती नानीमाया (नक्कली) तामाङ्ग ९२ वर्षको उमेरमा आश्विन २३ गते/अक्टोबर ९ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



चुरीथुम्का बस्नुहुने नेइम बालुवापाटी चर्चको सदस्य श्री भिम बहादुर तामाङ्ग ४२ वर्षको उमेरमा आश्विन २७ गते/अक्टोबर १३ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।

## विशेष प्रार्थना

१. फागुन २१ गते/मार्च ५ तारिख बिहीबार हुन गइरहेको चुनावको लागि प्रार्थना गरिदिऔं ।

२. संसारका विभिन्न देशहरूमा भइरहेको गृहयुद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

३. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

४. संसारभर रेडियो, टेलिभिजनहरूबाट प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान सकून् साथै प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

५. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानुभएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।

६. मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा शिक्षा दिन, हुर्काउन, डोऱ्याउन, आत्मिकी रूपमा वृद्धि गर्न र व्यवस्थित गर्दै लैजानको लागि नेइमअन्तर्गतका सम्पूर्ण अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|
| **कार्तिक २२ गते**<br>November 8 | श्री<br>युवराज गुरूङ्ग | श्री<br>जीवन खालिङ | एल्डर<br>जनकलाल श्रेष्ठ | एल्डर<br>बेन्जामिन तामाङ्ग | एल्डर<br>पिटर लिम्बू | डीकन<br>प्रशान्त सिंह | श्री<br>राज कुमार राई |
| **कार्तिक २९ गते**<br>November 15 | श्री<br>परशुराम अधिकारी | एल्डर<br>आमोस खालिङ | एल्डर<br>यमदेवी पोखेल | श्री<br>प्रेम गुरूङ्ग | श्री<br>पदम गुरूङ्ग | श्री<br>लोक बहादुर पुन | श्री<br>कुमार सेन्चुरी |
| **मंसीर ६ गते**<br>November 22 | एल्डर<br>बाबुराम के.सी. | श्री<br>अनिल चौधरी | एल्डर<br>भुवन देवकोटा | डीकन<br>सुक्रराज घिमिरे | श्री<br>किरण गुरूङ्ग | श्री<br>बाबुकाजी श्रेष्ठ | डीकन<br>डि.बि. राई |
| **मंसीर १३ गते**<br>November 29 | एल्डर<br>रूद्र राई | श्री<br>विश्वास थापा | एल्डर<br>आनन्द न्यौपाने | एल्डर<br>पिटर लिम्बू | एल्डर<br>राजु श्रेष्ठ | डीकन<br>अनिल आले | डीकन<br>बल बहादुर राई |
| **मंसीर २० गते**<br>December 6 | एल्डर<br>नभराज के.सी. | पाष्टर<br>शरण राई | पाष्टर<br>रोल्याण्ड रोंगोंग | पाष्टर<br>कर्ण बहादुर तामाङ्ग | एल्डर<br>बेन्जामिन तामाङ्ग | एल्डर<br>छोदेन कार्थक | एल्डर<br>जोरविर राई |

# हार्दिक बधाई



आश्विन २२ गते/अक्टोबर ८ तारिख, बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री याङ्गसुङ्ग वाइबा र नेइम पनौती चर्चको सदस्य सुश्री जेनी भक्त तामाङ्गको नेइम ज्ञानेश्वर चर्चमा विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आश्विन २३ गते/अक्टोबर ९ तारिख, बिहीबार नेइम सिर्जनानगर चर्चका सदस्यहरू श्री सविन बि.क र सुश्री सविता रूचालको नेइम सिर्जनानगर चर्चमा विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आश्विन २६ गते/अक्टोबर १२ तारिख, आइतबार नेइम गोंगबूँ चर्चको सदस्य सुश्री रजनी भुजेल र महिमित चर्च, थलीको सदस्य श्री नविन रिजालको नेइम बानियाँटार चर्चमा विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आश्विन २७ गते/अक्टोबर १३ तारिख, सोमबार नेइम जोरपाटी, चाँगु चर्चको सदस्य श्री चित्र बहादुर (उमेश) गुर्मुछान र नेइम जोरपाटी बँसी चर्चको सदस्य सुश्री एलिशा प्रजापतिको रानी महल पार्टी प्यालेसमा विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आश्विन ३० गते/अक्टोबर १६ तारिख, बिहीबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री गायत्री माझी र नहेम्याह प्रार्थना चर्च, कपनको सदस्य श्री विकास तामाङ्ग को नेइम ज्ञानेश्वर चर्चमा विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## नोभेम्बर महिनाको कार्यक्रम

मंसीर १ गते/नोभेम्बर १७ तारिख सोमबार उपवास प्रार्थना आ-आफ्नो समय र आ-आफ्नै चर्चमा ।

## मिशनेरीहरूको लागि प्रार्थना

पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १६ 2<br>नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं ।<br>यशैया ४५:१-४, ५४:२-३ | २३ 9<br>परमेश्वरबाटको उत्तम प्रतिज्ञाहरू जो हाम्रो लागि दिनुभएको छ, सो प्रतिज्ञाहरू घोषणा र दाबी गर्दै परमेश्वरको महिमाको लागि आशिषित् भएर जिउन सकौं ।<br>२ पत्रुस १:३-४ | ३० 16<br>नेइम परिषद्का गुरुजनहरू पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>एफिसी ४:१-४ | ७ 23<br>पढाइ र कामको क्षेत्रमा रहेका जवानहरू इमान्दार भएर परमेश्वरको साक्षीपूर्ण जीवन जिउन सकून् र उनीहरूको जीवनमा परमेश्वरको आशिष् र ज्ञान बुद्धि मागिदिऔं ।<br>हितोपदेश ९:१०, याकूब १:५ | १४ 30<br>अगुवाको स्थानमा रहनुभएकाहरू उदाहरण भएर परमेश्वरको प्रेममा उहाँको बगाललाई हेरचाह गर्न र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस ५:१-४ |
| **सोमबार**<br>Monday | १७ 3<br>प्रभुको नाउँको खातिर दु:ख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>यशैया ५४:१७, यूहन्ना १६:३३ | २४ 10<br>दु:ख-कष्ट, मुद्दा-मामिला, ऋणको बन्धनमा परेर, अभाव-घटी, पारिवारिक समस्या विभिन्न कारणले थाकेकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४०:२७-३१ | १ मंसीर 17<br>सांसारिक रमाइला कुराहरूमा होइन तर खीष्ट येशू प्रभुमा पाएका आशिषहरूमा रमाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-४ | ८ 24<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>हितोपदेश ३:६ | १५ December 1<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ |
| **मंगलबार**<br>Tuesday | १८ 4<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>लूका २१:३६ | २५ 11<br>आफूले पाएको विभिन्न वरदानहरू मण्डली निर्माणको लागि प्रेम, विश्वास र नम्रतामा सबै परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>१ कोरिन्थी १३:१-३ | २ 18<br>सुसमाचारको काममा मण्डली अझ लागिपरेको कारण धेरै जना परमेश्वरको राज्यमा आउन सकून्<br>रोमी १०:१४-१५ | ९ 25<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनका निम्ति सबै जना बोझसहित लागिपर्न सकौं ।<br>मत्ती २८:१८-२० | १६ 2<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ |
| **बुधबार**<br>Wednesday | १९ 5<br>नेइमका सबै अगुवाहरूले आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ थेसोलोनिकी १:२-३ | २६ 12<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानु-भएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | ३ 19<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>कलस्सी ३:१३-१७ | १० 26<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरि.३:२-३, १ थेस.२:१०-१२ | १७ 3<br>सबै भूल र झूटा शिक्षाहरूमा बहकिएर जानबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई जोगाऊन् ।<br>भजनसंग्रह ११९:१६३ |
| **बिहीबार**<br>Thursday | २० 6<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फल स्वरूप वचनमा आधारित जीवनमा हामी जिउन सकौं ।<br>भजनसंग्रह ११९:१४-१६ | २७ 13<br>मण्डलीका सबै बाल बालिकाहरूले सानै उमेरमा परमेश्वरको आवाज सुन्न सकून् ।<br>१ शमूएल ३:२-९ | ४ 20<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर खीष्टको चेला भएर जिउन सकून् ।<br>कलस्सी १:२८ | ११ 27<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:४ | १८ 4<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, सहयोग, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं ।<br>१ थेसलोनिकी ५:११-१२ |
| **शुक्रबार**<br>Friday | २१ 7<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, र स्तुति प्रशंसा संचालन गर्नुहुनेहरू साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | २८ 14<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारसित फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू सबैको लागि प्रार्थनो गरिदिऔं ।<br>लूका १५:११-२४ | ५ 21<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले खीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२३ | १२ 28<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १५:१० | १९ 5<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>भजनसंग्रह २२:५ |
| **शनिबार**<br>Saturday | २२ 8<br>परमेश्वरका छोराछोरीहरू जुन बोलावटमा बोलाइएका छन् त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ | २९ 15<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित जीवन जिउन सकून् ।<br>कलस्सी २:२१-२३ | ६ 22<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि, आत्मिक जागृति साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>भजनसंग्रह २६:२-८ | १३ 29<br>आजको आराधना सेवाद्वारा मण्डली अझै आशिषित भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून्<br>प्रेरित २:४२-४७ | २० 6<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० |

**पर्वतहरू हल्लाइए र डाँडाहरू हटाइए तापनि तेरो निम्ति मेरो अटूट प्रेम हटाइनेछैन, न ता मेरो शान्तिको करार भङ्ग हुनेछ," तँलाई कृपा गर्नुहुने परमप्रभु भन्नुहुन्छ । "हे दु:खमा परेकी, आँधी बेहरीले पछारिएकी र सान्त्वना नपाएकी शहर, हेर्, म फिरोजा पत्थरले तँलाई बनाउनेछु, नीरले तेरो जग बसाल्नेछु । मानिकले तेरो सुरक्षा-पर्खाल, र चम्कने रत्नहरूले तेरा मूल ढोका र बहुमूल्य रत्नहरूले तेरा सारा पर्खाल बनाउनेछु । यशैया ५४:१०-१२**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,